# मूल्याङ्कनको सम्बन्धमा अभिभावकहरूका लागि दिग्दर्शन

## भाषाको प्रवीणता तर्फको अग्रसरताको मूल्याङ्कन (Assessment of Performance toward Proficiency in Languages वा AAPPL)

Denver Public Schools (DPS) भाषा एउटा सम्पत्ति हो भन्ने कुरामा विश्वास गर्छ र यसले भाषिक र सांस्कृतिक विविधतालाई महत्त्व दिन्छ । हामी विद्यार्थीहरूले दुई वा धेरै भाषामा साक्षर भएर ग्राजुएट गरुन् भन्ने चाहन्छौं । विद्यालय वर्ष 2015-2016 को सुरुबाट, DPS ले दुई वा धेरै भाषामा दक्ष भएका विद्यार्थीहरूलाई औपचारिक रूपमा सम्मान गर्न बहुभाषिकताको मोहर कार्यक्रम प्रस्ताव गर्यो । AAPPL परीक्षा एउटा विकल्प हो जसलाई प्रयोग गरेर विद्यार्थीले कुनै भाषामा आफ्नो प्रवीणता प्रमाणित गर्न सक्छन् ।

## यो मूल्याङ्कन भनेको के हो ?

AAPPL परीक्षा कम्प्युटरमा आधारित 2 घण्टासम्म चल्ने एउटा परीक्षा हो जसले पठन, लेखन, र वाचन र सुनाइमा विद्यार्थीको दक्षताको स्तरलाई जाँच गर्छ । AAPPL ले भाषा सिक्ने तयारीका विश्वव्यापी मानकहरूलाई नाप्छ र यसले आजका सञ्चार माध्यमहरू प्रयोग गर्दछ जसमा परीक्षा लिने विद्यार्थीहरूले भाषाको क्षमता प्रस्तुत गर्न भर्जुअल भिडियो च्याटमा सहभागी हुने, विकीहरू बनाउने, इमेल गर्ने, र एपहरू प्रयोग गर्ने जस्ता कामहरू पूरा गर्छन् । परीक्षाहरू निम्न भाषाहरूमा उपलब्ध छ: अरबी, चाइनिज, फ्रेन्च, जर्मन, हिन्दी, इटालियन, जापनिज, कोरियन, पोर्चुगिज, रसियन, स्पेनिस र थाई । AAPPL परीक्षा विद्यार्थीका लागि निःशुल्क हुन्छ, बहुभाषिकताको मोहर कार्यक्रमले परीक्षाको शुल्क तिर्छ ।

## मेरो बच्चालाई कहिले जाँच गरिन्छ ?

विद्यार्थीहरूका लागि AAPPL परीक्षा अनिवार्य छैन तरपनि बहुभाषिकताको मोहर प्राप्त गर्न विद्यार्थी यो परीक्षाले समर्थन गर्ने भाषाको दक्षता प्रमाणित गर्न अर्को विकल्प चाहन्छन् भने उनीहरूलाई प्रत्येक विद्यालय वर्षको फेब्रुअरी र मार्च महिनामा परीक्षा दिन बोलाइन्छ । निश्चित मिति र परीक्षा हुने स्थानको बारेमा बुझ्न कृपया आफ्नो विद्यालयका परामर्शदाता वा शिक्षकलाई सिधैँ सम्पर्क गर्नुहोस् ।

## मेरो बच्चाले कस्तो अङ्क प्राप्त गर्ने छन् ?

कुनै विद्यार्थीले AAPPL परीक्षा दिए भने हरेक वसन्तमा जुनियर वा सिनियर उच्च विद्यालयका लागि विद्यार्थीको बहुभाषिकताको मोहर प्राप्त गर्ने योग्यता निर्णय गर्ने हिस्साको रूपमा नतिजा विचार गरिनेछ । अनुरोध प्राप्त नभएसम्म, विद्यार्थीलाई प्रत्येक खण्डको व्यक्तिगत अङ्क प्रदान गरिने छैन ।

## यी अङ्कहरू कसरी प्रयोग गरिनेछ ?

बहुभाषिकताको मोहर प्राप्त गर्न 3 कुराहरू पूरा गर्नु पर्दछ:

1. ग्राजुएसनका आवश्यकताहरू पूरा गर्नु पर्छ
2. अङ्ग्रेजीको दक्षता प्रमाणित गर्नु पर्दछ
3. एक वा धेरै विश्व भाषामा दक्षता प्रमाणित गर्नु पर्दछ

विद्यार्थीले AAPPL परीक्षा पुरा गरे भने यो अङ्क विद्यार्थीले विश्व भाषाको दक्षतासम्बन्धी बेन्चमार्क पुरा गरे कि गरेनन् भन्ने कुरा निर्धारण गर्न प्रयोग गरिनेछ ।

## ? अतिरिक्त जानकारी:

हामी तपाईंलाई आफ्नो बच्चाको शिक्षामा संलग्न हुन प्रोत्साहित गर्छौं । कृपया तपाईंले आफ्नो बच्चाको भाषाको विकासलाई निरन्तर दिन र परीक्षा पूरा गर्न कसरी सहयोग गर्न सक्नुहुन्छ भन्ने कुराको जानकारी लिन आफ्नो विद्यार्थीका शिक्षक वा परामर्शदातालाई सम्पर्क गर्न संकोच नमान्नुहोस् ।

**थप जानकारीका लागि, निम्न वेबसाइट हेर्नुहोस्: Seal of biliteracy (बहुभाषिकताको मोहर)**

- DPS बहुभाषिकताको मोहर (Seal of Biliteracy): http://sealofbiliteracy.dpsk12.org/
  - यसमा बहुभाषिकताको मोहर भनेको के हो, बहुभाषिक हुँदाको फाइदा, बहुभाषिकताको मोहरका मापदण्ड र वितरण हुने मिति लगायतको जानकारी छ ।
  - AAPPL परीक्षा: http://aappl.actfl.org/यसमा यसमा AAPPL परीक्षा भनेको के हो भन्ने जानकारी र विद्यार्थीका लागि परीक्षाका अभ्यास सामाग्रीहरू छ ।

तपाईंसँग मूल्याङ्कनको सम्बन्धमा कुनै पनि प्रश्न वा सरोकारहरू छन् भने कृपया सिधैँ आफ्नो बच्चाको विद्यालयमा सम्पर्क गर्नुहोस् वा Family Constituency Services लाई (720) 423-3054 मा फोन गर्नुहोस् ।